बागमती प्रदेश सरकार

उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय

हेटौंडा, नेपाल

सूचना प्रकाशन मितिः २०८३।०६।२३

# नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रममा सहभागिता सम्बन्धी सूचना।

यस मन्त्रालयको आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रम कार्यान्वयन प्रयोजनार्थ सम्बन्धित उद्यमीहरुले जिल्ला स्थित उद्योग, वाणिज्य तथा पर्यटन/उद्योग, वाणिज्य, पर्यटन तथा यातायात कार्यालयहरुमा "नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८१" को अनुसूची -१ बमोजिमको निवेदनको ढाँचामा दश दिनभित्र प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।साथै, यस विषयमा थप जानकारीका लागि यस मन्त्रालयको वेबसाइट moicla.bagamati.gov.np अथवा जिल्लास्थित उद्योग, वाणिज्य तथा पर्यटन/उद्योग, वाणिज्य, पर्यटन तथा यातायात कार्यालयहरुमा सम्पर्क राख्नुहुन अनुरोध छ।

बागमती प्रदेश सरकार
उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय
# उद्योग, वाणिज्य, पर्यटन तथा यातायात कार्यालय
धुन्चे, रसुवा

## सूचना ! सूचना !! सूचना !!!

## नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रम सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२३

वागमती प्रदेश सरकार, उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड-२०८१**, बमोजिम नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रम सञ्चालन हुने भएकोले मन्त्रालयबाट प्रकाशित सुचना कार्यालयको जानकारीका लागी प्राप्त भएको हुँदा अनुसूची २ बमोजिमको ढाँचामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागी यो सुचना प्रकाशन गरिएको छ।

थप जानकारीको लागी
०१०५४०१०४
उद्योग, वाणिज्य, पर्यटन तथा यातायात कार्यालय,
धुन्चे, रसुवा।

नि.कार्यालय प्रमुख
२०८३/०६/२३

अनुसूची २

दफा ८ को खण्ड (क) सँग सम्बन्धित (

पेश गर्नुपर्ने विवरणको ढांचा)

१. उद्यमीको नाम:

२. उद्योगको नाम:

३. उद्योगको उद्धेश्य:

४. उद्योग प्रकृति:

५. ठेगाना:

६. स्थापना र नविकरण मिति:

७. सम्पर्क फोन, मोबाईल, फ्याक्स, इमेल:

८. विगत दुई वर्षदेखि हालसम्म रोजगारी दिइएको श्रमिकको संख्या र नामावली (श्रमिकको हाजिरी, नियुक्ति पत्र वा अन्य कुनै निस्सा भए पेश गर्ने) :

९. के, कुन स्थानीय र बाह्य कच्चा पदार्थ तथा स्रोत साधन प्रयोग गरी उद्यम गरिरहेको (स्थानीय र बाह्य स्रोत बुँदागत रुपमा खुलाउने) :

१०. वातावरणमैत्री उद्यम भए/नभएको (खुला स्थान, बगैचा, बोटबिरुवा, विश्रामस्थल, लैङ्गिकमैत्री शौचालय र सरसफाई के कस्तो छ लेख्ने) :

११.वैदेशिक रोजगारबाट फर्की उद्यम सञ्चालन गरेको वा नगरेको (यदि गरेको भए कार्य अवधि र देशको नाम खुलाउने साथै भिसा र पासपोर्टको प्रतिलिपि संलग्न गर्ने) :

१२. विशेष प्राथमिकता समूह भए खुलाउने (सो प्रमाणित हुने कागजात पेश गर्ने) :

१३. उत्पादित वस्तु, सामाग्री तथा निर्माण गरिएका वस्तुहरुको व्यवस्थापन, ब्रान्डिङ्ग र प्याकेजिङ्ग कस्तो रहेको खुलाउने:

१४. उद्योगको नवप्रवर्तन स्तर कस्तो रहेको खुलाउने:

१५. उत्पादित वस्तुहरु निर्यात भए नभएको (निर्यात प्रमाणित हुने कागजात पेश गर्ने):

१६. उद्योगले पारेको सामाजिक/आर्थिक प्रभाव:

(क).

(ख).

१७. अन्य कुरा केही भए खुलाउने:

स्वघोषणा: मेरो/हाम्रो उद्योगले पछिल्लो २ (दुई) वर्षसम्म कुनै पनि सरकारी निकायबाट सम्मान/पुरस्कार प्राप्त नगरेको तथा माथी पेश गरिएका विवरणहरु सहि– साँचो हो भनि स्वघोषणा गर्दछु ।

(विवरण पेश गर्ने उद्यमीको दस्तखत)

..............................

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल